Regd No. 166013/073/074

च.न. ५७
२०८२।०८३

Sayapatri
Hydropower Limited

कम्पनी दर्ता नं. १६६०१३/०७३/०७४
मितिः २०८२/०९/०३

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ ।

विषयः कम्पनीको ९ औं वार्षिक साधारण सभाको सूचना र शेयरधनी दर्ता किताब बन्द रहने मिति बारे ।

महोदय,

उपर्युक्त बिषयका सम्बन्धमा यस कम्पनीको मिति २०८२/०९/०२ मा सम्पन्न सञ्चालक समितिको ८७ औं बैठकबाट कम्पनीको ९ औं वार्षिक साधारण सभाको देहायका मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी तय भएको तहाँ समक्ष जानकारी गराउँदछौं ।

साधारण सभा बस्ने मिति, समय र स्थान

मितिः २०८२ साल पौष महिना २५ गते (तदनुसार सन् २०२६ जनवरी ९) शुक्रवार ।

समयः बिहान ८:०० बजे ।

स्थानः ज्योति बैंक्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबाल, कुमारीगाल, काठमाण्डौ ।

छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची

(क) सामान्य प्रस्तावः

(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) १ (एक) जना स्वतन्त्र सञ्चालकको नियुक्ति बारे ।

(५) ४ (चार) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) पदमा निर्वाचन गर्ने बारे ।

(६) मिति २०८२/०८/०१ को सञ्चालक समितिको ८५ औं बैठकबाट हेरफेर भएको पूँजीको अनुमोदन गर्ने बारे ।

सयपत्री हाइड्रोपावर लिमिटेड
२०७३

(७) सञ्चालकको बैठक भत्तामा बृद्धि गर्ने बारे

(ख) विशेष प्रस्तावः

(१) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने बारे ।

(२) कम्पनीको चुक्ता पूँजीको १:०.७४ अनुपात हुने आउँने रु. २२,२५,५९,०००/- *(विद्युत नियमन आयोगबाट रु. २२,२५,५८,९८९.१३/- रकम बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृत दिए पनि दशमलवमा शेयर सख्या आउने हुँदा नजिकको अङ्कमा परिवर्तन गरि हुने रकम)* रकम बराबरको हकप्रद शेयर निष्काशन गर्ने बारे ।

(३) हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकमको उपयोग बारे ।

(४) हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउँनका लागि सञ्चालक समितिलाई सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

(५)

(ग) विविध ।

यस कम्पनीको मिति २०८२/०९/२५ लाई तय भएको ९ औं वार्षिक साधारण सभा प्रयोजनार्थ यस कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८२/०९/१२ गते एक दिन बन्द रहने व्यहोरा समेत तहाँ समक्ष जानकारी गराउँदछौं ।

धन्यवाद ।

भवदीय,

दिपक पाठक
कम्पनी सचिव

बोधार्थ,

१. एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।